बल्ल न्यायको अनुभूति

पृष्ठ १ बाट

उनीहरूले राजनीतिक प्रतिशोधको भावनाले लामिछानेलाई पक्राउ गरिएको भन्दै सरकारको विरोधमासमेत नाराबाजी गरे।

सहकारीपीडितले भने लामिछानेको पक्राउपछि न्याय पाइने अनुभूति भएको प्रतिक्रिया दिएका छन्। उनीहरूले सहकारीको रकम हिनामिना गर्ने सबैलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याउन थप दबाब सिर्जना गर्ने भएका छन्।

सहकारी पीडितले प्रहरीले अनुसन्धान कारबाहीका लागि लामिछानेलाई पक्राउ गरेपछि आफूहरूलाई न्याय पाएको अनुभूति भएको प्रतिक्रिया दिएका छन्। सहकारीपीडित संघर्ष समितिका संयोजक किरण श्रेष्ठले सहकारीको रकम अपचलन गर्नेमध्येका एक लामिछानेलाई पक्राउ गरेपछि आफूहरूले न्यायको अनुभूति गरेको बताए। उनले भने, 'भर्खरै पैसा नपाइएला तर न्याय पाइन्छ कि भन्ने आशा पलाएको छ।' उनले आफूहरूको अपचलन भएको रकम फिर्ता गरे मुद्दा फिर्ता गर्न तयार रहेको बताउँदै भने, 'हाम्रो अपचलन भएको रकम फिर्ता हुनुपर्‍यो। हामीले बचत रकम पाउनु पर्‍यो। त्यसपछि हामी पनि मुद्दा फिर्ता गरौंला। त्यसपछिको कारबाही कानुनले के भन्छ त्यसैअनुसार होस्।'

सहकारीपीडित संघर्ष समितिका सहसंयोजक सूर्य पोखरेलले लामिछानेलाई समातेपछि आफूहरूको रकम खातामै आएजस्तो भएको प्रतिक्रिया दिए। उनले भने, 'रविलाई पक्राउ मात्र गर्दा पनि आफ्नो बैंक खातामै पैसा आएजस्तो भएको छ। कम्तीमा न्याय पाएको अनुभूति भएको छ।'

संघर्ष समितिका सचिव दुर्गानाथ न्यौपानेले पनि लामिछानेको पक्राउपछि न्याय पाइने भन्दै सहकारीपीडितहरू खुशी भएको बताए। ' रविको पक्राउले न्यायको अनुभूति भएको छ, अब रकम फिर्ता भएर न्याय पाउने आशा पलाएको छ।'

पक्राउको विरोधमा दिउँसो रास्वपाले चिप्लेढुंगास्थित मानवअधिकार चोकमा कोणसभा

गरेको थियो। कोणसभापछि रास्वपाका कार्यकर्ताले महेन्द्रपुल (भीमसेनचोक), पालिखेचोक हुँदै जिल्ला प्रहरी कार्यालयअगाडि पुगेर धर्ना दिए। धर्नाका क्रममा उनीहरूले 'रवि दाइ हाइहाई, नडराउ रवि दाइ, तिम्रो साथमा हामी छौं, राजनीतिक प्रतिशोध बन्द गर, रविलाई न्याय दे, भ्रष्ट सरकार मुर्दावाद' भन्दै नाराबाजी गरेका थिए।

कोणसभालाई सम्बोधन गर्दै रास्वपा संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठले लामिछानेलाई अन्यायपूर्ण तरिकाले पक्राउ गरिएको बताए। सहकारी प्रकरणमा प्रत्यक्ष मुछिएका प्रतिवादीहरूलाई नसमातेर सरकारले संसदीय छानबिन समितिले 'क्लिन चिट' दिएका लामिछानेलाई पक्राउ गरी राजनीतिक प्रतिशोध साँध्न खोजेको आरोप लगाए। उनले भने, 'सरकारले सहकारी ठगीमा प्रत्यक्ष जोडिएका मानिसलाई समाउन सक्दैन, पीडित बचतकर्तालाई रकम फिर्ता गर्न सक्दैन तर संसदीय छानबिन समितिले क्लिन चिट दिएका व्यक्तिलाई समातेर हतकडी लगाउँछ।'

त्यस्तै रास्वपा उपसभापति स्वर्णिम वाग्लेले केपी ओली नेतृत्वको सरकारले आफ्नो कुशासन, भ्रष्टाचार र अक्षमता लुकाउन लामिछानेलाई समातेको आरोप लगाए। रास्वपालाई सिध्याउने उद्देश्यले ओली सरकारले लामिछानेलाई पक्राउ गरेको आरोप लगाउँदै उनले भने, 'देश बाढीपीडितको चपेटामा छ, पीडितले खान, लगाउन पाएका छैनन्। नालायक सरकार रमिते बनेको छ। अनि एउटा व्यक्तिलाई फसाउन सरकारले पूरै राज्य संयन्त्र परिचालन गरेको छ।' संसदीय छानबिन समितिले क्लिन चिट दिएका लामिछानेलाई पक्राउ गर्ने सरकारले सहकारी रकम ठगीमा जोडिएका कांग्रेस सांसद धनराज गुरुङ, एमाले सांसद ऋषिकेश पोखरेललगायतलाई कहिले पक्राउ गर्छ भनेर प्रश्नसमेत गरे।

कोणसभामा रास्वपा सांसद तोषिमा कार्कीले वर्तमान सरकार बिचौलियाको भएको टिप्पणी गरिन्। वर्तमान सरकारलाई नालायकको संज्ञा दिँदै उनले प्रश्न गरिन्, 'सरकारको ध्यान बाढीपीडितलाई राहत उपलब्ध गराउनेमा छ कि व्यक्ति फसाउनेमा ? सुशासन र समृद्धि स्थापित गर्नेमा छ कि कुशासन र निर्दोष मान्छे फसाउनेमा ?' सरकारले पार्टी सभपाति लामिछानेलाई फसाउन खोजे पनि न्यायलयप्रति आशा र भरोसा रहेको भन्दै उनले थपिन्, 'सरकार बिचौलियाले चलाए पनि न्यायालय नचलाओस्। न्यायालयले निर्दोष रविलाई न्याय देओस्।'

रास्वपा गण्डकी प्रदेश प्रमुख राजन गौतमले २०८४ सालको चुनावमा पत्तासाफ हुने डरले अहिलेका ठुला पार्टीले लामिछानेलाई फसाउनका लागि पक्राउ गरेको आरोप लगाए। लामिछानेमाथि राजनीतिक प्रतिशोध साँध्न खोजिएको भन्दै उनले भने, 'रविमाथि अन्याय भएको छ। अन्यायविरुद्ध सम्पूर्ण नेपाली लडौं।'

लामिछानेलाई पक्राउ गरेर पोखरा ल्याएसँगै यहाँको सुरक्षा व्यवस्था कडा पारिएको छ। चोकचोकमा प्रहरी तैनाथ गरिएको छ। जिल्ला प्रहरी कार्यालय प्रवेशमा पनि कडाइ गरिएको छ।

सहकारीपीडितले पनि शुक्रबार लामिछाने पक्राउको समर्थन र रकम फिर्ताको माग गर्दै प्रदर्शन गर्ने तयारी गरेका थिए। तर प्रशासनको आग्रहमा उनीहरूले कार्यक्रम स्थगित गरे। जिल्ला प्रशासन कार्यालयमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले आफूहरूलाई तत्काल कुनै पनि कार्यक्रम नगर्न आग्रह गरेकाले प्रदर्शन स्थगित गरिएको सहकारीपीडित संघर्ष समितिका सहसंयोजक सूर्य पोखरेलले बताए। प्रजिअ पाण्डेलाई उद्धृत गर्दै पोखरेलले भने, 'हामी तपाईं पीडितहरूको पक्षमै छौं, तपाईंहरूले बिथोलिने गरी कार्यक्रम र प्रदर्शन नगरिदिनुस्।' यस्तो आग्रहपछि आफूहरू केही 'पर्ख र हेर'को अवस्थामा बस्ने निर्णय गरेको उनले बताए। 'अनुसन्धान कसरी अगाडि बढ्छ, त्यसैअनुसार हामी अगाडि बढ्छौं', उनले भने।

'मलाई सामान्य व्यवहार गरियोस्'

सहकारीको रकम ठगी प्रकरणमा पक्राउ परेका रास्वपा सभापति रवि लामिछानेले आफूलाई सामान्य व्यवहार गर्न प्रहरीलाई आग्रह गरेका छन्। अनुसन्धानका लागि काठमाडौंबाट पोखरा ल्याइएपछि लामिछानेले कास्कीका प्रहरी प्रमुख एसपी श्यामबाबु ओलीलाई आफूलाई भिआइपीको सुविधा र त्यसअनुसारको व्यवहार नगर्न आग्रह गरेको कास्की प्रहरीका सूचना अधिकारी वसन्तकुमार शर्माले जानकारी दिए।

रवि पक्राउपछि भिडको राजनीतिमा रास्वपा

पृष्ठ १ बाट

यही कारण रास्वपाले 'कसैको राजनीति बचाउन कसैको राजनीति सक्ने' भन्दै गगन लक्षित गरेर नारा लगाइरहेको छ। रास्वपा सहप्रवक्ता झा एक कदम अघि बढेर पोखरामा गगनमाथि खनिए। 'यो देशमा नयाँ पुस्ताले राजनीति गर्नुपर्छ भनेर २० वर्षदेखि राजनीति गर्दै आएको मान्छे, एउटा नयाँ दल केही पढेलेखेका मान्छे, केही नयाँ राजनीतिक अभ्यास गर्ने मान्छे आउने चाहना गर्दै गर्दा ऊ आत्तियो र ओलीको संगतमा मात्तियो। तिमीलाई धन्यवाद छ, गगन थापा। तिमी पनि नांगियौं,' झाले आक्रोश पोखे। रास्वपा उपसभापति स्वर्णिम वाग्ले पनि गगनमाथि सांकेतिक रूपमा खनिए। उनले गगनलाई लक्षित गर्दै 'कसैलाई आफ्नो राजनीति जोगाउन रविलाई पक्राउ गर्न लगाएको' आरोप लगाए।

गगनबाहेक सहकारी ठगी प्रकरणमै नाम जोडिएका कांग्रेस उपसभापति धनराज गुरुङ र एमाले नेता ऋषिकेश पोखरेलमाथि पनि रास्वपा खनिएको छ। प्रदर्शनमा दुवै जनाको फोटोसहितको ब्यानर राखेर वास्तविक सहकारी ठग भन्दै आक्रोश पोखिएको छ। यस्तै एमालेको केन्द्रीय कार्यालयका लागि जग्गा दान दिएका व्यवसायी मीनबहादुर गुरुङविरुद्ध पनि रास्वपाले सडकमा आक्रोश पोखिरहेको छ। सरकारलाई भाटभटेनी सरकार भन्दै उनको नाम जोडिरहेका छन्।

सबै नेताको एक स्वर

सभापति पक्राउ पर्दा पोखरामा प्रदर्शन गर्न पुगेका रास्वपाका सबैजसो पदाधिकारीले एक स्वरमा सरकार र सरकारका सहयात्री दल कांग्रेस र एमालेविरुद्ध आक्रोश पोखे। सबैजसो नेताले संसदीय छानबिन समितिले ४० वटा सहकारीबाट ८७ अर्बको अपचलन भएको देखाएको भन्दै गोर्खा मिडियामा आएको ६५ करोड ५४ लाख आफ्ना सभापति लामिछानेले खर्च गरेको रकममा मात्र सरकार केन्द्रित रहेको भन्दै लामिछानेको बचाउ गरिरहे।

उपसभापति डोलप्रसाद अर्यालले रास्वपाको अभियानलाई रोक्न सभापति लामिछानेमाथि अप्रत्यासित षड्यन्त्र गरिएको बताए। उनले भने, 'हामीले रवि लामिछाने एक जनाका लागि मागेका होइनौं। म आग्रह गर्छु, हामीले केही गर्न थालेको अभियानलाई रोक्न रविमाथि अप्रत्यासित ढंगले पक्राउ गरिरहेको छ।' आगामी चुनावको डरले तर्सिएर दुई तिहाइ सरकारको दम्भ देखाएको उनको आरोप थियो। अर्का उपसभापति वाग्लेले सरकारले कुशासनको अभ्यास गरिरहेको दाबी गर्दै त्यसबाट ध्यान भड्काउन आफ्ना सभापति लामिछाने पक्राउ गरेको आरोप लगाए। सहकारीको ८७ अर्ब भ्याउन, सहकारी डिभोर्स लुकाउन, गिरिबन्धु र शरणार्थीको फाइल लुकाउन लामिछानेलाई पक्राउ उनको आरोप थियो। यसबाहेक वाग्लेले संगठित अपराधमा सहभागीहरू अहिलेको मन्त्रिपरिषद्मा रहेकोसम्म भन्न भ्याए। आफूहरूसँग डराएकाले लामिछानेलाई पक्राउ गरिएको दाबी गर्दै उनले भने, 'अहिले उनीहरू डराएका छन्। जम्मा २० जना यी कलिला सांसदले हैरान पारेका छन् भने ८४ मा यस्ता १४० जना सांसद लिएर आए यिनीहरूको हालत के हुन्छ ?'

रास्वपा सांसद विराजभक्त श्रेष्ठ भने केही फरक सुनिए। उनले अरू दलले जस्तो ढंगा हान्ने, सडक अवरुद्ध गर्ने, आगो बाल्ने, जनतालाई दुःख दिनेगरी आन्दोलन नगर्ने बताए। उनले वास्तविक सहकारी पीडितको आन्दोलनको नेतृत्व आफूहरू गर्ने दाबी गरे।

यती आक्रोश पोखिरहे पनि रास्वपा नेताहरूले आफूहरूले अनुसन्धानलाई सघाउने र न्यायालयप्रति विश्वास रहेको पनि भनिरहेकै छन्। 'मैले भर्खरै पार्टी सभापतिलाई भेटेर आएको छु। उहाँ निर्धक्क हुनुहुन्छ,' पोखराको सभामा बोल्दै उपसभापति अर्यालले भने, 'हामीलाई न्यायालयप्रति विश्वास छ। हामीले सघाउने हो। यो देशमा सरकार मरिसक्यो, न्यायालय मरेको छैन। न्यायालयले रवि लामिछाने होइन, एउटा अभियानलाई बचाउनेछ।'

अर्कातिर सहप्रवक्ता झा भने सरकारले आफूहरूसँग प्रतिशोध साँध्न अदालतको पनि प्रयोग गरेको बताउँछन्। 'अदालतमा पनि पार्टीमा मान्छे छन्, नत्र सातजनामा त्यही न्यायाधिश कसरी पर्छ,' उनले भनेका थिए, 'अदालत नांगियो भने हामी न्याय खोज्न कहाँ जाने ? उहाँहरूले राजनीतिक प्रतिशोध कुण्ठाका लागि अदालतको पनि प्रयोग गर्दै हुनुहुन्छ।'

विपक्षी दलको मिलेन साथ

रवि लामिछानेले आफू पक्राउ पर्नुअगावै विपक्षी दलहरूको साथ खोजेका थिए। प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको सहयोग पाउनेमा उनी आशावादी थिए। दाहालले संक्रमणकालीन न्यायसम्बन्धी आयोगमा पदाधिकारी नियुक्तिका लागि छलफल गर्न बसेको ठुला तीन दलका शीर्ष नेताको बैठकमा समेत लामिछाने पक्राउबारे चासो राखेका थिए। प्रधानमन्त्री केपी शर्मा ओलीले 'कानुनअनुसार हुने' जवाफ दिएपछि दाहालले लामिछाने पक्राउ पर्ने संकेत गरेका थिए। यो सूचना लामिछानेलगायत विपक्षी दलमा दाहालले चुहाएका थिए। शुक्रबार बिहान बसेको विपक्षी दलको बैठकमा रास्वपाका नेता दलबलसहित समर्थन जुटाउन पुगेका थिए। त्यहाँ राजनीतिक प्रतिशोधका आधारमा पक्राउ गरिए प्रतिवाद गर्ने साझा धारणा बनेको थियो।

दाहालले सूचना दिएपछि लामिछाने आफू पक्राउ पर्नेमा निश्चित भएका थिए। सोही कारण उनले शुक्रबार दिउँसो नै भिडियो सामग्री बनाएर पार्टी कार्यालयमा कार्यकर्ता र समर्थकलाई बोलाउने तयारी थालेका थिए। तर परिस्थिति झन् प्रतिकूल हुने देखेपछि उनले सहजै पक्राउ दिए। लामिछाने पक्राउ परिसकेपछि रास्वपाका कार्यकर्ता सडकमा ओर्लिंदा जनमत पार्टीका अध्यक्ष सिके राउतले मात्र फेसबुक स्टाटसमार्फत पक्राउको विरोध गरेका छन्। अन्य अन्य विपक्षी दलले मुखसम्म खोलेका छैनन्। प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका नेता दाहाल शनिबार एक औपचारिक कार्यक्रममा उपस्थित भएर भाषण गर्दा यो प्रसंग नै निकालेनन्। लामिछानेको निर्वाचन क्षेत्रसमेत रहेको आफ्नो गृहजिल्ला चितवन पुगेर दाहालले बेपत्ता माओवादी योद्धा दण्डपाणि न्यौपानेको स्मृतिमा भवन निर्माणार्थ आयोजित कार्यक्रमलाई सम्बोधन गरेका थिए। त्यहाँ २३ मिनेट भाषण गरेका दाहालले राष्ट्रिय राजनीतिका केही विषयमा पनि आंशिक रूपमा मुख खोले तर रास्वपा सभापति लामिछाने पक्राउको प्रसंगमा उनी प्रवेश नै गरेनन्।

रोल्पा पुगेका माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले घुमाउरो पारामा सहकारी ठगीको विषय उठाए पनि लामिछाने पक्राउको विषयमा फरक मत राखेनन्। बरु उनले कांग्रेस उपसभापति धनराज गुरुङ र एमाले सांसद ऋषिकेश पोखरेललाई पनि पक्राउ गर्न माग गरे। नेकपा एकीकृत समाजवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपालले पनि लामिछाने पक्राउको विरोधमा औपचारिक रूपमा मुख खोलेका छैनन्। नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईले भने लामिछानेप्रति सहानुभूतिको भाषा बोलेका छन्। पोखरामा शनिबार आयोजित पार्टीको कार्यक्रममा उनले भने, 'रविजी वैकल्पिक राजनीति गर्ने भनेर आउनुभएको छ। उहाँको राम्रो होस् भन्ने कामना गर्छु।' लामिछानेले आफूमाथि लागेको आरोपमा सत्यता नभए पनि प्रक्रिया निरूपणमा सघाउँछु भनेर बोलेकाले उनीप्रति आफ्नो 'पूर्ण सहानुभूति' रहेको भट्टराईले बताए।

सत्ता पक्षमा रहेका कांग्रेसका नेताहरूले पनि लामिछाने पक्राउको विषयमा मुख खोलेका छैनन्। तर एमालेका नेताहरू भने लामिछाने कानुनबमोजिम पक्राउ परेकाले अनुसन्धान प्रभावित हुनेगरी गतिविधि गर्न नहुने प्रतिक्रिया दिएका छन्। विशेषगरी एमाले महासचिव शंकर पोखरेल, नेताहरू विष्णु रिजाल र सूर्य थापाले सामाजिक सञ्जालमा यसबारे अभिव्यक्ति दिएका छन्।

संसदीय छानबिन समितिका संयोजकसमेत रहेका सांसद थापाले त खरो प्रतिवाद गरेका छन्। 'क्लिन चिट र सफाइ चलचित्र केही दिनमै सर्वत्र फ्लप भएलगत्तै कलाविहीन नयाँ नाटक मञ्चन भइरहेछ- प्रतिशोध !' उनले सामाजिक सञ्जालमा लेखेका छन्। त्यो पनि 'सुपर फ्लप' हुने बाटोमा रहेको भन्दै थापाले प्रतीक्षा गर्न आह्वान गरेका छन्।

'ऋण नतिरे धितो घरजग्गा बैंककै'

पृष्ठ १ बाट

बैंकले धितो जग्गा २०६७ असार १ मा हाल साबिक गरी म्रेस्ता अद्यावधिक गरी अर्को कित्ता कायम गरेको रहेछ। त्यसपछि नेपाल बैंकले सोही घरजग्गाको भोगचलन गरी आएको मुद्दामा उल्लेख छ। गैरबैंकिङ सम्पत्ति फिर्ता गर्ने वा नगर्ने भन्ने बैंक वा ऋणीबीचको आपसी सहमतिमा निर्क्योल हुने विषय अदालतले हस्तक्षेप गर्न उचित नहुने पनि स्पष्ट पारिएको छ। वर्षौं पहिले कानुनी प्रक्रिया पूरा गरी बैंकले सकारेको सम्पत्तिलाई बिना कुनै आधार औचित्य फिर्ता गर्दै जाने हो भने समग्र बैंकिङ प्रणालीमा नै नकारात्मक परिणाम आउन सक्ने सर्वोच्चको व्याख्या छ। गैरबैंकिङ सम्पत्तिका रूपमा बैंक वित्तीय संस्थाको सकार गरेको सम्पत्ति सम्बन्धित धितोधनीले फिर्ता गर्न पाउने, नपाउने र बैंकिङ सम्पत्ति धितोधनीले फिर्ता पाउन सक्ने हो वा होइन भन्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशिकासमेतको व्याख्या भएको फैसलामा भनिएको छ। कुनै पनि व्यक्ति वा संस्थाले बैंकबाट कर्जा लिएपछि तोकिएको मितिमा साँवाब्याज नबुझाए सर्वसाधारणको निक्षेप फिर्ता गर्न नसक्ने हुन्छन् र त्यस्तो अवस्थामा बैंकप्रति सर्वसाधारणको विश्वास खल्बलिन सक्ने फैसलामा उल्लेख छ। बैंकको निक्षेपमा सम्बन्धित खातावालाको हक रहेजसरी लगानी उठाउन पाउने बैंकको विशेष अधिकार हुने उल्लेख छ। त्यसैले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा ५७ को प्रावधानलाई व्याख्या गरिएको छ।

'बैंकले गर्ने धितो लिलाम वा सकारको कारबाहीसमेत कर्जा असुलीकै निरन्तरताका रूपमा रहेको भनी बुझ्नुपर्ने हुन्छ,' सर्वोच्चले भनेको छ, 'किनकि बैंकहरूले धितो लिलामी वा सकार गरिसकेपछि ऋणीको खाताबाट ऋणा कर्जा घटाई कर्जा राफसाफ गरी ऋणीलाई कर्जाको दायित्वबाट मुक्त गरिएको हुन्छ। अतः धितो लिलामी वा सकारको कारबाहीलाई निरपेक्ष वा अलग्गै विषयका रूपमा बुझ्नु अनुपयुक्त हुन्छ।' गैर बैंकिङ सम्पत्तिलाई बैंकिङ सम्पत्तिमा रूपान्तरण गर्दा सबन्धित बैंक सञ्चालक समितिको निर्णयको जानकारी नियमक निकाय राष्ट्र बैंकलाई गराइएको हुन्छ। यसको मतलब सम्पत्ति बैंकको उपयोग वा प्रयोगको हो भनी मान्नुपर्ने उल्लेख छ। नेपाल बैंकले बैंकिङ सम्पत्तिका रूपमा उपयोग गरेको सम्पत्तिलाई फिर्ता माग गर्ने अधिकार निवेदकलाई नभएको स्पष्ट पारिएको छ। बैंकिङ सम्पत्तिका रूपमा बैंकको उपयोगमा रहेको सम्पत्ति सम्बन्धित धितो धनीलाई फिर्ता हुन सक्छ कि सक्दैन भन्ने प्रश्नमा नेपाल राष्ट्र बैंकद्वारा २०८० असोजमा जारी भई हाल प्रचलनमा रहेको व्यवस्थालाई उल्लेख गरिएको छ। राष्ट्र बैंकले भनेको छ, 'बैंक तथा वित्तीय संस्थाले सकार गरी लिएको सम्पत्तिलाई यथासम्भव छिटो बिक्री गर्नुपर्नेछ। इजाजतपत्रप्राप्त संस्थाको आफ्नै प्रयोजनलाई आवश्यक भए उपयोगका लागि सञ्चालक समितिबाट स्वीकृत गराई यस बैंकलाई समेत जानकारी गराउनुपर्नेछ।' बैंक तथा वित्तीय संस्थाले गैरबैंकिङ सम्पत्तिका रूपमा सकारेको सम्पत्ति बैंकिङ प्रयोजनका लागि प्रयोग गर्ने निर्णय लिन सक्ने अधिकार बैंकलाई प्रदान गरेको पाइन्छ। त्यसलाई बैंकिङ सम्पत्ति भन्ने गरिन्छ। बैंक र सुरक्षण धनीबीचको आपसी वार्ताद्वारा दुवैको सहमतिमा फिर्ता गर्न सकिने भए पनि कानुनी अधिकार भन्न नमिल्ने परिभाषित गरेको छ। 'यसका अलावा कुन मितिमा र कस्तो परिस्थितिमा बैंकले सकार गरिलिएको हो ? समयको अन्तराल के, कति भयो ? हाल आएर ऋणी वा धितो धनीले के कुन मनशायले धितो फिर्ताको माग गरेको हो ? हाल धितोको अवस्था कस्तो छ ? आदि कुरालाई विचार गरी मात्र बैंकसँग सहमति हुन सक्ने अदालतको व्याख्या छ।

'धितो फिर्ता माग गर्ने कुरा ऋणीको निर्विवाद अधिकार नभई आपसी सहमतिबाट मात्र कार्यान्वयनमा जान सकिने विषय हो भनी मान्नुपर्ने हुन्छ। अन्य कसैको हकको सृष्टि भइसकेको विषयलाई निष्क्रिय वा निस्तेज पार्दा अर्काको हकको सुरक्षालाई पनि संवेदनशील भई हेर्नुपर्ने हुन्छ,' फैसलामा भनिएको छ। नेपाल राष्ट्र बैंकद्वारा २०८० असोजमा जारी गरेको निर्देशनको ११ (४) (च) मा 'गैरबैंकिङ सम्पत्तिका रूपमा बैंक वित्तीय संस्थाले सरकार गरेको सम्पत्ति धितो सुरक्षण धनी (गैरबैंकिङ सम्पत्तिमा आउनुअघिको धनी) लाई फिर्ता गर्दा बैंकिङ सम्पत्ति लेखांकन गर्दाको मूल्य वा फिर्ता गर्दाको समयमा रहेको बक्यौता रकम (साँवा र ब्याजको जोड) मध्ये जुन बढी हुन्छ सो रकममा नघट्ने गरी सम्बन्धित संस्था र सम्बन्धित सुरक्षण धनीबीचको आपसी वार्ताद्वारा सम्बन्धित सुरक्षण धनीलाई मात्र धितोसुरक्षण फिर्ता गर्न भने यो निर्देशनले बाधा पुराएको मानिनेछैन' भन्ने व्यवस्था छ।

Bhumlu Rural Municipality

Salle, Kavrepalanchok

Invitation for Bids

Date of publication: 2024/10/20

1. ***Bhumlu Rural Municipality*** invites electronic bids from Nepalese eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Bhumlu Rural Municipality, Salle, Kavrepalanchok*** or may visit PPMO website ***www.bolpatra.gov.np/egp.***
3. Bidders must submit their bid electronically and download the bidding documents for e-submission from PPMO's WebSite ***www.bolpatra.gov.np./egp***,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank:-Nabil Bank Ltd.

   Account name:- Ga 1.1 Aantarik Rajaswa Khata

   Name of Office:- Bhumlu Rural Municipality

   Office Account no:- 21501017500045
4. Pre-bid meeting shall be held at ***Bhumlu Rural Municipality, Salle, Kavrepalanchok at 2024/11/08 at 13:00 Hrs for NCB.***
5. Electronic bids must be submitted through PPMO website ***www.bolpatra.gov.np/egp*** on or before ***12:00 Hrs.on 2024/11/05 for SQ and 12:00 Hrs.on 2024/11/19 for NCB***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 Hrs. on 2024/11/05 for SQ and13:00 Hrs. on 2024/11/19 for NCB*** at the office of ***Bhumlu Rural Municipality***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum as specified below which shall be valid for 30 days beyond the validity period of the bid or bid security expiry date 120 days for NCB and 75 days for SQ from the date of bid opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

S. N.	Contract ID	Description	Estimated Amount excluding VAT (NRS.)	Bid Document Fee (Nrs.)	Bid Security (Nrs.)	Last Date of bid Submission
1	BRM/NCB/ WR/04/081/82	Upgradation of Baunna Kilo to Ward Karyalaya Road, Ward 9	26,01,153.73	3000	75,000	19th Nov. 2024 12:00 Hours for NCB and 5th Nov. 2024 12:00 Hours for SQ
2	BRM/NCB/ WR/05/081/82	Upgradation of Chaunna Kilo to Karyalaya Office Road, Ward 10	25,96,276.74	3000	75,000	
3	BRM/NCB/ WR/06/081/82	Salle Dudhgau Sadak, Ward 4,5	25,91,121.00	3000	75,000	
4	BRM/NCB/ WR/07/081/82	Upgradation of Kavre Jilla Bhumlu Gaupalika 9 ChisapanitarJutepeni Road	43,35,779.67	3000	1,25,000	
5	BRM/NCB/ WR/08/081/82	Pachas Kilo Dhapgau Kolchaur Sadak, Bhumlu 9	26,00,948.95	3000	75,000	
6	BRM/NCB/ WR/09/081/82	Gharikhet Sadak, Bhumlu 8	26,01,730.42	3000	75,000	
7	BRM/NCB/ WB/02/081/82	Chaurkuna Khel Maidan	33,68,104.89	3000	1,00,000	
8	BRM/NCB/ GDS/01/081/82	Procurement of 50% Murra Cross Dudhalu Bhaisi	1,27,50,000.00	3000	3,20,000	
9	BRM/NCB/ GDS/01/081/82	Supply and Delivery of Medicine and Surgical Instruments	39,37,039.00	3000	1,00,000	
10	BRM/SQ/ WR/01/081/82	Upgradation of Kolati Aapghat Road, Bhumlu 6	16,91,969.08	1000	50,000	
11	BRM/SQ/ GDS/01/081/82	Supply and delivery of Masalanda and office Instruments	15,46,400.00	1000	45,000	
12	BRM/SQ/ GDS/02/081/82	Supply and delivery of Veterinary Medicine	14,99,000.0	1000	37,500	